# स्थानीय राजपत्र

## शिवपुरी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८) शेरावगर, नुवाकोट, २०८१ साल असोज २० गते (संख्याः ८


# भाग – २

**शिवपुरी गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।**

## शिवपुरी गाउँपालिका द्वारा प्रदान गरिने अनुदान व्यवस्थापन कार्यविधि, २०८१

स्वीकृत मितिः २०८१/०६/१८

**प्रस्तावनाः** शिवपुरी गाउँपालिका क्षेत्र भित्र रहेका सरकारी तथा गैर सरकारी क्षेत्रमा संचालित शिक्षा, स्वास्थ्य, लघु जलविद्युत, खानेपानी, सरसफाई, सिँचाई, कृषि, पशुपन्क्षी, मठ मन्दिर, गुम्बा, पर्यटन, सामुदायिक वन, कबुलियती वन, जात्रा, चाडपर्व, युवा तथा खेलकुद, कला सस्कृति, सहकारी, उद्योग, सञ्चारका साधन (एफ. एम., पत्र पत्रिका आदि) जस्ता क्षेत्रमा अनुदानको माध्यमबाट निर्माण, मर्मत, संरक्षण, स्तरोन्नति प्रवर्द्धन र विकासको माध्यमबाट परिवर्तन गरी छिटो छरितो, पारदर्शी, मितव्यी, व्यवस्थित एवं प्रभावकारी बनाउन बान्छनीय भएकाले शिवपुरी गाउँपालिकाबाट अनुदान रकम बिनियोजिन गरी खर्च गर्नका लागि, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी शिवपुरी गाउँ कार्यपालिकाले यो कार्यविधि वनाई लागु गरेको छ।

## परिच्छेद-१
## प्ररम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम **"शिवपुरी गाउँपालिका द्वारा प्रदान गरिने अनुदान व्यवस्थापन कार्यविधि, २०८१"** रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाको बैठकबाट पास भै स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

(३) यो कार्यविधि शिवपुरी गाउँपालिका भित्रका शिक्षा, स्वास्थ्य, लुघु जलविद्युत, खानेपानी, सरसफाई, सिँचाई, कृषि, पशुपन्क्षी, मठ मन्दिर, गुम्बा, पर्यटन, सामुदायिक बन, जात्रा, चाडपर्व, युवा तथा खेलकुद, कला संस्कृति, सहकारी, उद्योग, सञ्चार (एफ.एम., पत्रपत्रिका आदि) जस्ता क्षेत्रमा अनुदान दिने प्रयोजनमा लागु हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा**

(क) **"गाउँपालिका"** भन्नाले शिवपुरी गाउँपालिकालाई सम्झनुपर्छ ।

(ख) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ ।

(ग) **"कार्यविधि"** भन्नाले शिवपुरी गाउँपालिका भित्र सञ्चालित शिक्षा, स्वास्थ्य, लघु जलविद्युत, खानेपानी, सरसफाई, सिँचाई, कृषि, पशुपन्क्षी, मठ मन्दिर, पर्यटन, गुम्बा, सामुदायिक वन, जात्रा, चाडपर्व, युवा तथा खेलकुद, कला संस्कृति, सहकारी, उद्योग, सञ्चार (एफ.एम., पत्रपत्रिका आदि) जस्ता आदि क्षेत्रमा **"शिवपुरी गाउँपालिकाद्वारा प्रदान गरिने अनुदान व्यवस्थापन कार्यविधि, २०८१"** सम्झनुपर्छ।

घ) **"कार्यपालिका"** भन्नाले शिवपुरी गाउँ कार्यपालिका सम्झनुपर्छ ।

ङ) **"अध्यक्ष"** भन्नाले शिवपुरी गाउँपालिकाका अध्यक्ष सम्झनुपर्छ ।

च) **"प्रमुख प्रशासकिय अधिकृत"** भन्नाले शिवपुरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

छ) **"शिक्षा समिति"** भन्नाले गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनुपर्छ ।

ज) **"विद्यालय"** भन्नाले गाउँपालिका क्षेत्र भित्र सञ्चालित सम्पूर्ण सामुदायिक विद्यालयहरु सम्झनुपर्छ । सो शब्दले प्रारम्भिक बालविकास केन्द्रलाई समेत जनाउनेछ ।

झ) **"लघु जलविद्युत"** भन्नाले गाउँपालिका क्षेत्र भरी विद्युत आपूर्ति गरि रहेका सञ्चालित लघु जलविद्युत सम्झनुपर्छ ।

ञ) **"स्वास्थ्य"** भन्नाले गाउँपलिका क्षेत्रभित्रका सञ्चालित सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई सम्झनुपर्छ ।

ट) **"खानेपानी"** भन्नाले गाउँपालिका भित्र सञ्चालित खानेपानी योजनाहरुलाई सम्झनुपर्छ ।

ठ) **"सरसफाई"** भन्नाले गाउँपालिका भित्रका सरसफाई स्वच्छता सम्बन्धी कार्यक्रमलाई सम्झनुपर्छ ।

ड) **"सिँचाई"** भन्नाले गाउँपालिका क्षेत्र भित्र सञ्चालित सिँचाई योजनाहरुलाई सम्झनुपर्छ।

ढ) **"कृषि"** भन्नाले गाउँपालिका क्षेत्र भित्रका कृषि समूह, व्यवसायिक कृषि खेती प्रणालीमा आवद्व कृषकहरुलाई सम्झनु पर्छ ।

ण) **"पशुपन्क्षी"** भन्नाले गाउँपालिका क्षेत्र भित्रका पशु वा पन्क्षी पालन समूह व्यवसाय प्रणालीमा आवद्व भएका कृषकहरुले पाल्ने पशुपंक्षी सम्झनुपर्छ ।

त) **"मठमन्दिर"** भन्नाले गाउँपालिका क्षेत्र भित्रका धार्मिक पूजा गर्ने ठाउँ वा स्थानहरुलाई सम्झनुपर्छ ।

थ) **"पर्यटक"** भन्नाले गाउँपालिका क्षेत्रभित्रका पर्यटकिय स्थलहरुमा भ्रमण गर्ने व्यक्ति वा समूहलाई सम्झनुपर्छ ।

द) **"सामुदायिक वन"** भन्नाले गाउँपालिका क्षेत्रभित्रका सामुदायिक वन उपभोक्ता समूहहरुले सञ्चालन गरेको बन सम्झनुपर्छ ।

ध) **"कवुलियती वन"** भन्नाले गाउँपालिका क्षेत्रभित्रका कबुलियती वन समुहले सञ्चालन गरेको वन सम्झनुपर्छ ।

न) **"जात्रा"** भन्नाले गाउँपालिका भित्रका परम्परादेखि सञ्चालन हुँदै आएका मेला, पर्व, जात्रालाई सम्झनुपर्छ ।

प) **"चाडपर्व"** भन्नाले गाउँपालिका भित्रका सांस्कृति, धार्मिक र अन्य चाडपर्वलाई सम्झनुपर्छ।

फ) **"खेलकुद"** भन्नाले गाउँपालिका भित्र खेलिने विभिन्न खेल सम्झनुपर्छ ।

ब) **"कला, संस्कृति"** भन्नाले गाउँपालिका भित्रका परम्परा देखि मनोरञ्जन गर्दै आइरहेका नाच, गान, बाद्य बाजनका कार्यक्रमहरुलाई सम्झनुपर्छ ।

भ) **"निर्माण र मर्मत"** भन्नाले गाउँपालिका क्षेत्र भरी विकास निर्माणका सम्पूर्ण योजनाहरु तथा पूर्व निर्माण भएका पूर्वाधारहरुको निर्माण र मर्मत समेत सम्झनुपर्छ ।

म) **"संकट उद्धार र संरक्षण अनुदान"** भन्नाले गाउँपालिका भित्र वैकल्पिक उर्जा व्यवस्थापनबाट न्यून अनुदान भई लघु जलविद्युत योजना सञ्चालन गर्न संकट अवस्थामा विद्युत उत्पादनलाई निरन्तरता दिन संकट उद्धार र संरक्षण अनुदान सम्झनुपर्छ ।

य) **"सूचिकृत"** भन्नाले गाउँपालिकाको निर्देशन, नियन्त्रण र नियमन स्वीकार गरी अनुदान शर्तको लागि सूचिकृत भएको संस्था सम्झनुपर्छ ।

## परिच्छेद-२
## अनुदान सम्बन्धि व्यवस्था

**३. शिक्षा तर्फको विद्यालय अनुदान सम्बन्धी व्यवस्थाः**

१) गाउँपालिकाले विद्यालयलाई अनुदान दिन गाउँसभाको अधिवेशनबाट अनुदान शिर्षक तोकि पारित गरी बिनियोजन ऐनमा उल्लेख भए बमोजिम अनुदान रकम दिन सक्नेछ ।

२) अनुदान निम्नलिखित शिर्षकमा उपलब्ध गराउन सकिनेछ ।
क) विद्यालय शिक्षक तथा कर्मचारी तलब भत्ता,
ख) विद्यालय शिक्षण सिकाई क्रियाकलापसँग सम्बन्धित हार्डवेयर तथा सफ्टवेयर खरिद तथा व्यवस्थापन,
ग) शैक्षिक सामग्री निर्माण, खरीद तथा व्यवस्थापन,
घ) वैकल्पिक उर्जा व्यवस्थापन,
ङ) विद्यालय भवन निर्माण तथा मर्मत संभार
च) कक्षाकोठा व्यवस्थापन
छ) बालमैत्री वातावरणमा शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्न
ज) विद्यालय भवन निर्माण, शौचालय निर्माण, खेलमैदान तथा अन्य विद्यालय पुर्वाधारको आवश्यक प्रयोजनको लागि अनुदान दिइनेछ ।
झ) आर्थिक अभावका कारण पछि परेका समुदाय, वर्ग, जातिका बालबालिकाहरु अध्यापनमा वञ्चित भएको देखिएमा अनिवार्य विद्यालय हाजिर गराई शैक्षिक गुणस्तरको लागि शैक्षिक सामाग्री तथा पोशाक उपलब्ध गराउन अनुदान दिइनेछ ।
ञ) गाउँकार्यपालिकाले उचित ठहर्‍याएको अन्य क्षेत्र तथा विषयहरुमा अनुदान दिइनेछ ।

३. अनुदान प्राप्त गर्नका लागि यस कार्यविधिको अधिनमा रही विद्यालय व्यवस्थापन समितिको निर्णय र सम्बन्धित वडा कार्यालयको सिफारिस सहित विद्यालयले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा प्रस्ताव पेश गर्नु पर्नेछ ।

४. प्रस्ताव प्राप्त भएपछि उक्त निवेदनहरुलाई शिक्षा, युवा तथा खेलकुद शाखाले नियम २० वमोजिमको अनुदान सिफारिश समिति समक्ष पेश गर्ने छ ।

५. निर्णय अनुसार अनुदान रकम विद्यालयको खातामा उपलब्ध गराइनेछ ।

६. विद्यालय व्यवस्थापन समितिले आवश्यक र उचित निर्णय गरी अनुदान रकम माग गर्नुपर्ने छ ।

७. विद्यालय अनुदान रकम उचित रुपमा खर्च गरे नगरेको सम्बन्धमा गाउँपालिकाबाट अनुगमन गरिनेछ ।

**८. अनुदान भुक्तानी सम्बन्धी ब्यवस्थाः**

क) काम सम्पन्न भई रकम भुक्तानी गरी पाउँ भन्ने ब्यहोराको निवेदन,

ख) विद्यालय व्यवस्थापन समितिको निर्णय,

ग) विद्यालय व्यवस्थापन समितिको म्याद समाप्त नभएको प्रमाण,

घ) सार्वजनिक लेखापरिक्षण,

ङ) अघिल्लो आ.व. सम्मको लेखा परिक्षण प्रतिवेदन,

च) सम्बन्धित वडा कार्यलयको सिफारिश,

छ) अनुगमन प्रतिवेदन,

ज) आवश्यक विल भरपाईहरु

झ) नयाँ पूर्वाधार निर्माणको लागि प्राविधिक लागत अनुमान उपलब्ध गराउनुपर्नेछ । अन्य काम सम्पन्न भएकोमा अनुदान सिफारिश समितिले निर्णय गरे अनुसार अनुदान रकम नियमानुसार खर्च गरेको आवश्यक कागजातहरु गाउँपालिकाको आर्थिक प्रशासन शाखामा पेश गरे अनुसार एकमुष्ट भुक्तानी दिइनेछ ।

## ४. स्वास्थ्य तर्फको अनुदान सम्बन्धी व्यवस्थाः

१) गाउँपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्थाहरुलाई अनुदान उपलब्ध गराउन सकिनेछ ।

२) अनुदान प्राप्त गर्नका लागि यस कार्यविधिको अधिनमा रही स्वास्थ्य व्यवस्थापन समितिको निर्णय र सम्बन्धित वडा कार्यालयको सिफारिस सहित गाउँपालिकामा निवेदन दिनुपर्नेछ ।

३) जनसमुदायलाई स्वास्थ्य जिवनयापनका लागि स्वास्थ्य क्षेत्रमा प्रभावकारी सेवा दिन भौतिक पूर्वाधारको व्यवस्था, स्वास्थ्य भवन निर्माण तथा मर्मत, पर्याप्त औषधी, उपकरण जन्य सामग्री खरिद तथा व्यवस्थापनका लागि आवश्यकता अनुसार अनुदान दिइने छ ।

४) विभिन्न महामारी जन्य रोग फैलिएमा नियन्त्रणका लागि जनसमुदायमा जनचेतना मूलक कार्यक्रम तथा स्वास्थ्य शिविर सञ्चालन गरी उपचार, निदान र प्रेषण गर्न अनुदान दिइनेछ।

५) अति विपन्न परिवारलाई निःशुल्क स्वास्थ्य विमा गर्न गाउँपालिकाबाट आवश्यक बजेट विनियोजन गरी स्वास्थ्य सेवा निःशुल्क र सर्वसुलभ गरी सबै नागरिकको पहुँचमा पु¥याउनको लागि अनुदान दिइनेछ ।

६) अनुदान सिफारिश समितिले निर्णय गरी आबश्यक र उचित ठहऱ्याएमा अन्य क्षेत्र मा पनि अनुदान दिन सकिनेछ ।

**७) अनुदान भुक्तानी सम्बन्धी व्यवस्थाः**

क) ब्यहोरा खुलेको निवेदन

ख) स्वास्थ्य समितिको निर्णय

ग) प्राविधिक लागत अनुमान

घ) सार्वजनिक लेखा परिक्षण,

ङ) अनुगमन प्रतिवेदन,

च) सम्वन्धित वडा कार्यालयको सिफारिश र आवश्यक विल भरपाईहरु

**५. विद्युत अनुदान सम्बन्धी व्यवस्थाः**

१) नेपाल सरकार बैकल्पिक उर्जा व्यवस्थापन केन्द्रबाट न्यून अनुदान लिई लघु जलविद्युत योजना ऋणमा परी सञ्चालन हुन नसकेको अवस्थामा विद्युत उत्पादनलाई निरन्तरता दिने उद्देश्यले विद्युत उत्पादन सञ्चालन खर्चमा अनुदान दिइने छ ।

२) गाउँपालिका गाउँसभाको अधिवेशनबाट बिनियोजित उर्जा तर्फको बजेट अन्तर्गतको रकमबाट एकमुष्ट अनुदान दिइनेछ । यस्तो अनुदान लघु जलविद्युत उपभोक्ता समिति, जलविद्युत संस्था, जलविद्युत योजना, सार्वजनिक क्षेत्र, सामुदायिक क्षेत्र तथा साझेदारी क्षेत्रबाट गाउँपालिकासँग समन्वय गरी सञ्चालित जलविद्युत संस्थाहरुलाई अनुदान दिइनेछ।

३) उपदफा (२) बमोजिम लघु जलविद्युतलाई गाउँसभाको अधिवेशनबाट बिनियोजित भई पारित भएको बजेटलाई माग र कार्यप्रकृतिको अवस्था हेरी शर्त बमोजिम एकमुष्ट अनुदान दिइनेछ ।

**४) अनुदान भुक्तानी सम्बन्धी व्यवस्थाः**

१. दफा ३ बमोजिम अनुदान प्राप्त गर्न गाउँपालिका भित्रका लघु जलविद्युत संस्था, लघु जलविद्युत योजना, लघु जलविद्युत उपभोक्ता समितिहरुले देहाय बमोजिमका विवरण खुलाई गाउँपालिकामा निवेदन दिनुपर्नेछ ।

क) लघु जलविद्युत संस्था, लघु जलविद्युत योजना, तथा लघु जलविद्युत उपभोक्ता समितिको भुक्तानी पाउँ भन्ने व्यहोराको निवेदन,

ख) लघु जलविद्युत संस्था, लघु जलविद्युत योजना तथा लघु जलविद्युत उपभोक्ता समितिको लागत अनुमान सहितको काम सम्पन्न भएको समितिको निर्णय,

ग) उक्त योजनाको दर्ता, नविकरण प्रमाणपत्र

घ) गत आ.व. को कर चुक्ताको प्रमााणपत्र

ङ) लेखापरिक्षण प्रतिवेदन

च) संस्थाको साधारण सभाको निर्णय

छ) नयाँ निर्माण गर्दाको अवस्थामा स्वीकृत लागत अनुमान गाउँपालिका वा बैकल्पिक उर्जा प्रवद्र्वन केन्द्र वा सो को अख्तियार प्राप्त कर्मचारीको प्राविधिक लागत अनुमान

ज) सम्बन्धित वडा कार्यालयको सिफारिश ।

झ) गाउँपालिकामा सूचीकृत भएको प्रमाण पत्रको प्रतिलिपी ।

**६. खानेपानी अनुदान सम्बन्धी व्यवस्थाः**

१) गाउँपालिका क्षेत्रभित्र सफा, स्वच्छ र एक घर एक धाराको पानी व्यवस्था गरी पर्याप्त मात्रामा पानीको स्रोत उपलब्ध गराउन अनुदानको व्यवस्था गरिनेछ ।

२) गाउँपालिका भित्रका खानेपानी योजना सञ्चालन, मुहान संरक्षण, ट्याङ्की निर्माण, धारा निर्माण, पाईप लाइन विस्तार, तथा मर्मत संभार गर्न गाउँपालिका, गाउँ सभाको अधिवेशनबाट विनियोजन गरि खानेपानी तर्फ अनुदान शिर्षकमा विनियोजित गरी अनुदान दिन सक्ने छ।

३) अनुदानको व्यवस्थाः

क) उपदफा १ र २ का शिर्षकहरुमा अनुदान रकम दिँदा पहिलो प्राथमिकता दैवि प्रकोपद्वारा क्षति भई खानेपानी अवरुद्ध भै समस्या ग्रस्त समुदायमा हुनेछ । दोस्रो प्राथमिकता पछि परेका समुदायलाई हुनेछ भने तेस्रो प्राथमिकता गाउँ कार्यपालिकाले उचित समस्या ठहर गरी निर्णय गरेका क्षेत्रहरुमा अनुदान दिइनेछ ।

ख) अनुदान प्राप्त गर्नका लागि यस कार्यविधिको अधिनमा रही खानेपानी निर्माण समितिको निर्णय, सम्बन्धित वडा कार्यालयको सिफारिस, लेखापरिक्षण प्रतिवेदन, अनुगमन प्रतिवेदन तथा प्राविधिक लागत अनुमान तथा अन्य आवश्यक कागजात संलग्न गरी गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

**७. सरसफाई अनुदान सम्बन्धि व्यवस्थाः**

१) गाउँपालिका क्षेत्रभित्रका वस्तीलाई पूर्ण सरसफाई यूक्त वस्ती घोष्णा गरी स्वच्छ वातावरण बनाउनको लागि अनुदानको व्यवस्था गरिनेछ ।

२) सरसफाईको लागि गाउँपालिका क्षेत्र भित्र ठोस, तरल, फोहर संकलन केन्द्र, चर्पी निर्माण, सेफ्टी ट्याङ्की निर्माण, सार्वजनिक चर्पी निर्माण, मानव मलमुत्रको विसर्जन केन्द्र, ढल निकास, फोहर संकलन औजार खरिद, सुरक्षित पानीको पहुँच, साबुन पानीले हात धुने व्यवस्थापन, पानी शुद्धीकरणका लागि आवश्यक सामग्री खरिद, सरसफाई सम्बन्धि पानी, खाना तथा स्वच्छता सम्बन्धी जनचेतना मूलक कार्यक्रमहरुमा अनुदान दिइनेछ ।

३) अनुदान रकम प्राप्त गर्न सरसफाई समिति तथा निर्माण समितिको निर्णय, सम्बन्धित वडा कार्यालयको सिफारिस, अनुगमन प्रतिवेदन, सार्वजनिक लेखापरिक्षण, प्राविधिक लागत अनुमान उपलब्ध गराएमा गाउँपालिकाले अनुदान दिनेछ ।

**८. सिँचाई अनुदान सम्बन्धी व्यवस्थाः**

१) गाउँपालिका भित्र कृषि क्षेत्रमा ब्यवसायीकरण गरी उत्पादनमा वृद्धि गर्न सिँचाईको लागि अनुदान दिइनेछ ।

२) गाउँपालिका क्षेत्रमा सिँचाई कुलो निर्माण योजना सञ्चालन, सिँचाई पाईप खरिद, सिँचाई ट्याङ्की निर्माण, सिँचाई पोखरी, प्लाष्टिक पोखरी, सिँचाई कुलो मर्मत तथा निर्माण कार्यहरुमा अनुदान दिइने छ ।

३) भुक्तानि सम्बन्धी व्यवस्थाः

क) व्यहोरा खुलेको निवेदन

ख) निर्माण समितिको बैठकको निर्णय

ग) प्राविधिक लागत अनुमान र मुल्याङ्कन विल

घ) अनुगमन प्रतिवेदन

ङ) सामजिक लेखापरिक्षण

च) सम्बन्धित वडा कार्यालयको सिफारिस र आवश्यक विल भरपाई

**९. कृषि अनुदान सम्बन्धी व्यवस्थाः**

१) गाउँपालिका क्षेत्र भित्र कृषि ब्यवसायलाई व्यवसायिक एवं प्रवद्धन गर्न कृषिलाई यान्त्रिकिकरण मार्फत आधुनिकिकरण गरी ब्यावसायिक एवम् प्रतिस्प्रधात्मक गराई स्वरोजगार बनाउन अनुदान दिइनेछ ।

२) कृषि सहकारी, कृषि समूह, कृषि उद्यमी मौरी पालन, व्यवसायिक च्याउ, व्यवसायिक तरकारी, ब्यवसायिक फलफुल, नर्सरी व्यवस्थापन, फलफूल तथा तरकारी विशेष रोग निधान कार्यक्रम, उन्नत विउ तथा वेर्ना खरिद तथा वितरण कार्यक्रम, क्षमता अभिवृद्धि कार्यक्रम, आधुनिक कृषि यान्त्रिकिकरण, मिनि पावर टिलर खरिद, थ्रेसर मकै छोडाउने मेसिन खरिद, कृषि उत्पादन केन्द्र तथा हाट बजार संकलन केन्द्र स्थापना तथा कृषकहरुको माग र आवश्यकताको आधारमा कृषकलाई प्रोत्साहन गर्नका लागि अनुदान दिइनेछ ।

३) अनुदान भुक्तानी सम्बन्धी संलग्न कागजातहरुः

क) व्यहोरा खुलेको निवेदन

ख) दर्ता प्रमाण-पत्र

ग) समूह भए बैठकको निर्णय

घ) सम्बन्धित शाखाको सिफारिश

ङ) अनुगमन प्रतिवेदन

च) सम्बन्धित वडा कार्यालयको सिफारिश र आवश्यक विल भरपाई

**१०. पशुपंक्षी अनुदान सम्बन्धी व्यवस्थाः**

१) गाउँपालिकाले पशुपंक्षी व्यवसायलाई उत्पादनमा बृद्धि गरी कृषकहरुलाई व्यवसायिक प्रणालीमा आवद्ध गराई स्वरोजगार बनाउन अनुदान दिनेछ ।

२) गोठ खोर निर्माण तथा गोठ सुधार पशुपालन, कुखुरापालन, दुग्ध उत्पादन, संकलन केन्द्र तथा प्रशोधन, मासु उत्पादन, पशुपंक्षी पालन, मत्स्य पालन, पशु हाटबजार, प्राइभेट कृतिम गर्भाधान, घाँसबाली उत्पादन, ढुवानी अनुदान, कृषकहरुको माग र आवश्यकताको आधारमा दुग्ध संकलन जन्य औजार उपकरण अनुदान दिइनेछ ।

३) अनुदान भुक्तानीका लागि आवश्यक कागजातहरुः

क) व्यहोरा खुलेको निवेदन

ख) दर्ता प्रमाण-पत्र

ग) समुह भए बैठकको निर्णय

घ) सम्बन्धित शाखाको सिफारिश

ङ) सम्बन्धित वडा कार्यालयको सिफारिश र आवश्यक विल भरपाई

**११. मठ मन्दिर अनुदान सम्बन्धी व्यवस्थाः**

१) गाउँपालिका क्षेत्रभित्र रहेका मठ, मन्दिर, पूजापाठ गर्ने स्थल, परम्परादेखि चल्दै आएका धार्मिक कार्यक्रम निर्माण तथा व्यवस्थापन गर्न अनुदान दिइनेछ ।

२) अनुदान भुक्तानी सम्बन्धि व्यवस्थाः

क) व्यहोरा खुलेको निवेदन

ख) बैठकको निर्णय

ग) अनुगमन प्रतिवेदन

घ) सम्बन्धित वडा कार्यालयको सिफारिश र आवश्यक विल भरपाई

**१२. पर्यटन अनुदान सम्बन्धी व्यवस्थाः**

१) गाउँपालिका क्षेत्रभित्रका पर्यटकीय स्थालहरुको विकास गरी आयआर्जन तथा आम्दानीको स्रोत बढाउनको लागि अनुदान दिइनेछ ।

२) गाउँपालिका क्षेत्रभित्रका चिसापानी, लौके झरना, लखिनेश्वरी झरना, सुर्यचौर, थानापती मन्दिर लगायत गाउँपालिका भित्रका अन्य पर्यटकिय स्थलहरुलाई स्वव्यवस्थित गरी पर्यटक आगमनमा बृद्धि गर्न गाउँपालिकाले उचित ठहऱ्याएमा अनुदान दिनेछ ।

३) भुक्तानी सम्बन्धी व्यवस्थाः

क) व्यहोरा खुलेको निवेदन

ख) निर्माण समितिको भुक्तानी गरी पाउँ भन्ने व्यहोरा खुलेको निवेदन

ग) समितिको बैठकको निर्णय

घ) प्राविधिक लागत अनुमान र मूल्याङ्कन विल

ङ) अनुगमन प्रतिवेदन

च) सार्वजनिक लेखापरिक्षण

छ) सम्बन्धित वडा कार्यालयको सिफारिश र आवश्यक विल भरपाई

**१३. सामुदायिक वन अनुदान सम्बन्धी व्यवस्थाः**

१) गाउँपालिका क्षेत्रभित्रका वनलाई दर्ता गर्ने, वृक्षारोपण, वनसंरक्षण, घेराबार, सरसफाई गरी दिगो व्यवस्थापन गर्न अनुदान दिइनेछ ।

२) अनुदान भुक्तानी सम्बन्धी व्यवस्थाः

क) व्यहोरा खुलेको निवेदन

ख) लागत अनुमान र मुल्याङ्कन

ग) सार्वजनिक लेखापरिक्षण

घ) अनुगमन प्रतिवेदन

ङ) वन समितिको निर्णय

च) सम्बन्धित वडा कार्यालयको सिफारिश र आवश्यक विल भरपाई

**१४. जात्रा मेला चाडपर्व अनुदान सम्बन्धी व्यवस्थाः**

१) गाउँपालिका क्षेत्रभित्र परम्परागत रुपमा लाग्दै आएका मेला, चाडपर्व तथा पुराना संस्कृतिलाई वचाई राख्नको लागि गाउँपालिकाले उचित ठहऱ्याएमा अनुदान दिन सक्नेछ।

२) विभिन्न मेलापर्व तथा पुराना, नयाँ संस्कृति कार्यक्रम सञ्चालन सम्बन्धित वडाका क्लब, संस्था तथा आयोजक समितिद्वारा गरिनेछ ।

३) भुक्तानी सम्बन्धी व्यवस्थाः

क) व्यहोरा खुलेको निवेदन

ख) आयोजक समितिको निर्णय

ग) अनुगमन प्रतिवेदन

घ) सार्वजनिक परिक्षण

ङ) सम्बन्धित वडा कार्यालयको सिफारिश र आवश्यक विल भरपाई

**१५. यूवा तथा खेलकुद अनुदान सम्बन्धी व्यवस्थाः**

१) गाउँपालिका क्षेत्र भित्र गाउँपालिका स्तरीय वा वडा स्तरीय विभिन्न खेलकुद आयोजना वा खेलकुद तथा यूवा विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरी खेलकुद तथा यूवा सिप विकास गर्न अनुदान दिइनेछ ।

२) भुक्तानी सम्बन्धित व्यवस्थाः

क) व्यहोरा खुलेको निवेदन ।

ख) आयोजक समितिको निर्णय ।

ग) अनुगमन प्रतिवेदन ।

घ) सार्वजनिक परिक्षण ।

ङ) सम्बन्धित वडा कार्यालयको सिफारिश र आवश्यक विल भरपाई

**१६. कला, संस्कृति तथा वाध्यवादनका सामाग्री अनुदान सम्बन्धी व्यवस्थाः**

१) गाउँपालिका क्षेत्रभित्र परम्परागत मनोरञ्जन सम्बन्धी कलासंस्कृति कार्यक्रम तथा नाचगान सम्बन्धी आबश्यक पर्ने बाध्यबादनका सामाग्री खरिद गर्न कार्यपालिकाले उचित ठहऱ्याएको खण्डमा अनुदान दिइनेछ ।

२) अनुदान भुक्तानी सम्बन्धी व्यवस्थाः

क) व्यहोरा खुलेको निवेदन ।

ख) आयोजक समितिको निर्णय ।

ग) अनुगमन प्रतिवेदन ।

घ) सार्वजनिक परिक्षण ।

ङ) सम्बन्धित वडा कार्यालयको सिफारिस र आवश्यक विल भरपाई

**१७. सहकारी संस्था लाई प्रदान गरिने अनुदान सम्बन्धी व्यवस्थाः**

१) गाउँपालिका क्षेत्र भित्र सञ्चालित सहकारी संस्थालाई संस्थाले पेश गरेको प्रस्तावका आधारमा अनुदान प्रदान गर्न सकिनेछ ।

२) अनुदान रकम संस्थाको निर्णयानुसार खर्च हुनेछ ।

३) अनुदान प्राप्त गर्ने सहकारी संस्था कृषि सहकारी हुनुपर्नेछ ।

**१८. उद्यम सञ्चालनका लागि अनुदान**

१) गाउँपालिकाले उद्यम सञ्चालन, व्यवस्थापन, स्तरोन्नति र विकासका लागि सहकारी, संगठित संस्था तथा अन्य कुनै कानून बमोजिम स्थापित समूह वा संस्थालाई अनुदान प्रदान गर्न सक्नेछ ।

२) अनुदान भुक्तानी सम्बन्धी व्यवस्थाः

क) व्यहोरा खुलेको निवेदन ।

ख) आयोजक समितिको निर्णय ।

ग) अनुगमन प्रतिवेदन ।

घ) सार्वजनिक परिक्षण ।

ङ) सम्बन्धित वडा कार्यालयको सिफारिस र आवश्यक विल भरपाई

**१९. सञ्चार क्षेत्रका लागि अनुदानः**

१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र कानून बमोजिम सञ्चालित एफ.एम. पत्र पत्रिका लगायत अन्य सञ्चार क्षेत्रका लागि अनुदान प्रदान गर्न सक्नेछ ।

२) अनुदान भुक्तानी सम्बन्धी व्यवस्थाः

क) व्यहोरा खुलेको निवेदन ।

ख) आयोजक समितिको निर्णय ।

ग) अनुगमन प्रतिवेदन ।

घ) सार्वजनिक परिक्षण ।

ङ) सम्बन्धित वडा कार्यालयको सिफारिस र आवश्यक विल भरपाई

## परिच्छेद ३
## अनुदान सिफारिश समिति सम्वन्धि व्यवस्था

२०. **अनुदान सिफारिश समितिः** कार्यविधि वमोजिम वितरण गरिने अनुदान सिफारिश गर्न देहाय अनुसार एक समिति गठन हुनेछ ।

| | |
|---|---|
| १. गाउँपालिका उपाध्यक्ष | - संयोजक |
| २. प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ३. आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| ४. संयोजकले तोकेको कार्यपालिका सदस्य मध्ये १ जना | - सदस्य |
| ५. अनुदान प्राप्त गर्ने विषयगत समितिको सदस्य सचिव | - सदस्य सचिव |

२१. **अनुदान कार्यान्वयनः**

१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाद्वारा प्रदान गर्ने अनुदानको कार्यान्वयन प्रक्रिया देहायवमोजिम हुनेछ ।

क) अनुदान सम्बन्धी बजेटको व्यवस्था विनियोजन ऐनमा भएको हुनुपर्ने ।

ख) अनुदान प्राप्त गर्ने निकायले प्रस्ताब पेश गर्नुपर्ने,

ग) अनुदान सिफारिश समितिद्वारा प्रस्ताव स्वीकृत भई प्रस्तावका आधारमा अनुदान दिने निर्णय हुनुपर्ने ।

घ) अनुदान सिफारिश समितिबाट अनुदान दिने निर्णय भए पश्चात सम्झौता हुनुपर्ने ।

ङ) अनुदान सिफारिश समितिको निर्णयका आधारमा अनुदान रकम उपलब्ध गराइने ।

२) उपदफा (१) बमोजिम प्राप्त अनुदान रकम अनुदान प्राप्त गर्ने पक्षले प्रचलित कानून बमोजिम खर्च गर्नुपर्नेछ ।

३) गाउँपालिकाद्वारा उपलब्ध गराइएको अनुदान रकम प्रचलित कानून बमोजिम खर्च गरी त्यसको सार्वजनिक लेखा परीक्षण गर्नुपर्नेछ ।

४) प्राप्त अनुदान रकमलाई सार्वजनिक खरीद ऐन, नियमावली र अन्य प्रचलित कानून बमोजिम खर्च गर्नु अनुदान प्राप्त गर्ने संस्थाको दायित्व हुनेछ ।

५) अनुदान उपलव्ध गराउँदा समूह समिति र दर्तावाला व्यक्तिगत फर्मलाई मात्र उपलव्ध गराइनेछ।

६) अनुदान उपलव्ध गराउँदा साझेदारीमा योजना कार्यान्वयन गर्ने गरि मात्र उपलव्ध गराइनेछ । तर विद्यालयमा तलव भत्ताको लागि उपलव्ध गराइने अनुदानमा भने यो नियम लागु हुने छैन ।

२२. **अनुगमन तथा मूल्याङ्कनः** सम्झौता अनुसारको कार्य भए नभएको सम्बन्धमा जानकारी लिन अनुदान सिफारिश समितिले निरीक्षण वा अनुगमन गर्नेछ । यसरी निरीक्षण, अनुगमन तथा मूल्याङ्कन कार्यमा सहयोग पुऱ्याउनु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

२३. **अमान्य हुनेः** यो कार्यविधिमा उल्लेख भएका प्रावधान र प्रक्रियाहरु अन्य प्रचलित ऐन नियम सँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

२४. **खारेजी र बचाउः**

(१) यो कार्यविधि जारी हुनुभन्दा पहिले भए गरेका तथा प्रदान गरिएका आर्थिक लगायत सबै किसिमका अनुदान यसै कार्यविधि बमोजिम प्रदान गरेको मानिनेछ ।

(२) यो कार्यविधिको व्याख्या कार्यपालिकाले गर्ने छ । यस कार्यविधिको खारेजी गाउँ कार्यपालिकाले गर्नेछ ।

**आज्ञाले,**
**बद्रिनाथ लम्साल**
**प्रमुख प्रशासकीय अधिकृत**